# ई.प्र.का.हिरासत भवन निर्माण समिति

## धरान -१८ सुनसरी

पत्र संख्याः- ०७४/०७५
च.नं.९४

मितिः-२०७५/०३/२४ गते।

ई.प्र.का. हिरासत भवन निर्माण समिति धरान-१८

बिषयः- धरानमा अत्याधुनिक हिरासत भवन निर्माणका लागी आवश्यक सहयोग सम्बन्धमा।

श्री धरान समाज यु.के.।

महोदय,

उपरोक्त सम्बन्धमा एक्काईसौ सताब्दीको आबश्यक्ता अनुसार विभिन्न अपराधमा संलग्न व्यक्तिहरुलाई हिरासतमा प्रदान गर्नु पर्ने आधारभुत सुविधा सहितको हिरासत भवन निर्माणकार्य आरम्भ गरिएकोले त्याहाबाट समेत आर्थिक सहयोगका लागी भवन निर्माणको अबधारणा सहित जानकारी गराईएको छ। बिगतमा विभिन्न कार्यमा यु.के.मा रहनु भएका धरान बासीहरिले गर्नु भएको सहयोग जस्तै यस कार्यमा समेत सहयोगको अपेक्षा गर्दछौ।

**संयोजक**
मिन कुमार सुब्बा
९८२५३०६६६९
मिन कुमार सुब्बा
अध्यक्ष
... निर्माण समिति, धरान

सदस्य सचिव
प्र.ना.उ.रामेश्वर पौडेल
ई.प्र.का.धरान सुनसरी
९८५२०९०७५५
rameshworpaudelips@gmail.com

# धरानमा हिरासत भवन निर्माण आयोजना

**पृष्ठभुमी:-**

बढ्दो जनसंख्या संगै शहरी क्षेत्रमात्र होईन ग्रामिण क्षेत्रमा समेत अपराधका घट्नाहरुमा बृद्धि हुनु स्वभाविक हो । यसै सन्दर्भमा धरानमा पनि थुनुवाहरुको दिनानु दिनको बढ्दो चाँप तथा ईलाका प्रहरी कार्यालय हातामा रहेको थुनुवा घरको वर्तमान अवस्थालाई मध्येनजर गर्दा सुबिधा सम्पन्न थुनुवा घरको अनिवार्य आवश्यक्ता महसुस गरी जनस्तरबाट यो अभियानको थालनी गरिएको हो ।

जनस्तरबाट (सकारात्मक) कामका लागी धरानको विगत देखिको योगदान देश भरिनै स्थापित भएको हो । यथार्थलाई आत्मसाथ गर्दै यो अभियानको थालनी गरिएको हो ।

## के हो हिरासत ?

अपराधका घट्नाका आरोपिहरुलाई अपराध पुष्टि नहुनुजेल वा प्रमाणका आधार वा निर्दोष प्रमाणित नहुनुजेल सम्म पुर्पक्षका लागी अधिकार प्राप्त अधिकिको आदेशमा थुनामा राख्न बनेको वा तोकिएको कोठालाई हिरासत भनिन्छ ।

## के हुनु पर्छ हिरासतमा ?

- बिभिन्न मुद्धाका थुनुवाहरुको मानबोचित जिवन यापन खाना,बसोबास,उपचार ।
- व्यक्तिगत सुरक्षा तथा सुरक्षा तथा सम्पतीको सुरक्षा ।
- मानव अभिकार तथा अन्य ऐन नियमहरुले प्रदान गरेको हक धिकारको संरक्षण ।

## वर्तमानमा धरानको हिरासतको अबस्था

- थुनामा परेका व्यक्तिहरु एकै प्रकारको चरित्रका साथै एकै प्रकृतिका घट्नामा संलग्न हुदैनन् । तर हाल सम्म नेपालको सन्दर्भमा थुनुवा राख्ने स्थान भनेको स्थान एउटै मात्र रहेको छ ।
- महिला तथा पुरुष थुनुवा घर फरक भएतापनि घट्नाको प्रकृति अनुसार राख्ने व्यबस्था हुन सकेको छैन ।
- थुनुवा घर भन्ने वित्तिकै आम मानिसमा यातना गृह भन्ने रहेको छ र व्यबहारमा समेत हिरासतको प्रकृति यातना गृह जस्तै नै रहेको छ ।
- लागु औषधमा पक्राउ परेका थुनुवा र अन्य थुनुवाहरुलाई एकै स्थानमा राख्दा संक्रामक रोगको संक्रमणका कारण अन्य थुनुवाहरुलाई प्रत्यक्ष नकारात्मक प्रभाव तथा असर परेको छ ।

## धरानमा आधुनिक हिरासत भवन किन ?

- फरक -फरक घट्नाका दोषिहरुलाई फरक फरक स्थानमा सुबिधा सम्पन्न तरिकाले राख्न ।
- तहकिकातको दायरामा ल्याउनु पर्ने अपराधी तथा दोषिहरुको संख्या ठुलो ने गरेकाले सवैलाई मानवोचित स्थानमा मानवोचित सेवा सुविधा प्रदान गर्न ।
- हिरासतलाई यातना गृह होईन सुधार गृहका रुपमा रुपान्तरण गर्न ।

- हिरासत व्यबस्थापनका माध्यमबाट अपराधमा संलग्न व्यक्तिहरुलाई सकारात्मक सञ्चार प्रवाह गरी समाजमा अपराधिक घट्नामा कमी ल्याउन ।
- धरानमा त्यो पनि जनस्तरबाट नै आधुनिक र व्यबस्थित कार्यको थालनी गरी देश भरी सकारात्मक सन्देश प्रबाह गर्न ।

**यस्तो हुने छ व्यबस्थित हिरासत वा थुनुवा घर**

- हरेक थुनुवाको बिद्युतिय पुर्ण विबरण राखिने छ ।
- थुनुवाहरुलाई शारीरिक तथा मानसिक अबस्था अनुसार बर्गिकरण गरी राखिने छ ।
- थुनामा रहदाका बखतका सबै क्रियाकलापहरुको सुक्ष्म अवलिकनको व्यवस्था मिलाईने छ ।
- हिरासतमा मानब अधिकारको संरक्षणको प्रत्याभुति गराईने छ ।
- थुनामा परेका व्यक्तिहरुलाई घट्ना प्रकृति अनुसार वर्गिकरण गरी राखिने छ ।
- थुनुवा भेट्न आउने व्यक्तिलाई सहज वातावरण तयार गरिने छ ।
- थुनुवाको सामानको पुर्ण सुरक्षा व्यबस्था मिलाईने छ ।
- थुनुवाको संख्याका आधारमा हाल भएको स्थान अभावलाई अन्तय गरी सहज बसाई व्यबस्थापन गरिने छ
- हिरासत भित्र आधारभुत मनोरञ्जनको वयबस्थापन गरिने छ ।
- शौचालय तथा स्नान गृहको उचित ब्यबस्था गरिने छ ।
- थुनुवाहरु भाग्न र कुनै पनि बहानामा उम्कन नसक्ने गरी व्यबस्थापन मिलाईने छ ।

हिरासत निर्मान हुने स्थानः-

- साविक ईलाका प्रहरी कार्यालयको हाताभित्र वर्तमान कार्यालयबाट उत्तर पश्चिम तर्फको खाली जमिन ।

**निर्माणाधिन भवनको क्षमताः-**

- ४००० वर्ग फिटको २ तल्ले पक्की भवन ।

**अनुमानित लागतः-**

- करिव ४ करोड रुपैयाँ ।

**लागत अनुमानको अपेक्षित श्रोतहरुः-**

- नेपालको संघिय सरकार
- १ नं. प्रदेश सरकार
- धरान उप-महानगरपालिका
- धरान बाट बैदेशिक रोजगारीमा जानु भएका धरानबासी दाजुभाई,दिदि बहिनिहरुको स्वेच्छिक सहयोग ।

मिन कुमार सुव्वा
अध्यक्ष
भवन निर्माण समिति, धरान

- धरानबासी जन समुदायको स्वेच्छिक सहयोग ।
- अन्य दाता महानुभावहरु ।

## दान दातव्यको प्रकारः-

- आफ्ना माता पिता वा अन्य आफन्तको नाममा वा आफ्नै नाममा समेत रु.५००००००। (पचास लाख प्रदान गरेमा दाताको नाममा भवनको नामाकरण गरिने छ ।
- आफ्ना माता पिता वा अन्य आफन्तको नाममा वा आफ्नै नाममा समेत रु.१००००००। (दश लाख रुपैया) प्रदान गर्नेहरुको नाम कोठा निर्माणकर्ताको रुपमा कोठाको प्रवेश द्धार माथि राखिने छ ।
- रु.पाँच लाखदेखि दश लाख सम्म प्रदान गर्ने दाताहरुको नाम प्रशासनिक कक्ष निर्माण कर्ताको रुपमा राखिने छ ।
- रु दुई लाख देखि रु चारलाख सम्म प्रदान गर्ने दाताहरुको नाम भेटघाट कक्ष निर्माण कर्ताको रुपमा राखिने छ ।
- रु पच्चिस हजारभन्दा माथी सहयोग गर्ने गर्ने दाताहरुको नामावली शिलालेखमा राखिने छ ।

पुन्श्चः-

एक भन्दा बढी व्यक्तिहरु मिलेर भवन तथा कोठाहरु निर्माण गर्न सकिने छ ।

भवन निर्माण सचिवालयः-

भवन निर्माणको सचिवालय ईलाका प्रहरी कार्यालय धरानको हाता भित्र रहेको व्याडमिन्टन हलमा रहेको छ ।

**समितिको बैंक खाताः-**

मितेरी डेभलपमेन्ट वैंक धरान शाखा

वचत हि.नं.००१००२०००३६००२००००००२

**संयोजक**

मिन कुमार सुब्बा

९८२५३०६६६९

मिन कुमार सुब्बा
अध्यक्ष
भवन निर्माण समिति, धरान

सदस्य सचिव

प्र.ना.उ.रामेश्वर पौडेल

ई.प्र.का.धरान सुनसरी

९८५२०९०७५५

rameshworpaudelips@gmail.com







